nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष : १०, अंक : ३६४ पृष्ठ ४ । शनिबार,३१ साउन २०८२ । SATURDAY, AUGUST 16, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## मधेसको खानेपानी संकट समाधानका लागि मन्त्री यादवले भारतीय विज्ञसँग गरे गहन छलफल

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० साउन ।***

मधेसमा विद्यमान खानेपानी संकटको दीर्घकालीन समाधानका लागि खानेपानी मन्त्री प्रदीप यादव र भारतबाट आएका विज्ञ टोलीबीच शुक्रबार गहन छलफल भएको छ। भारत सरकारले पठाएको टोलीले साउन २७ गतेदेखि वीरगन्ज, जनकपुर लगायत मधेसका संकटग्रस्त शहरहरूमा स्थलगत निरीक्षण गरेको थियो। निरीक्षणपछि काठमाडौं आएको टोलीसँग मन्त्री यादवले मन्त्रालयमै मध्यरातसम्म छलफल गरेका हुन्। छलफलका क्रममा भारतीय टोलीले हाल मधेसमा देखिएको खानेपानी समस्याको अवस्था र दीर्घकालीन समाधानका लागि तयार गरिरहेको प्रतिवेदनबारे विस्तृत जानकारी दिएका थिए। मन्त्रालयका सहसचिव एवं प्रवक्ता मीना श्रेष्ठका अनुसार टोलीले आवश्यक कार्ययोजना समेत निर्माण




गर्नेछ। मन्त्री यादवले भारतीय विज्ञ टोलीसँग भएको छलफल सार्थक भएको र त्यसबाट प्राप्त निष्कर्षको आधारमा नेपाल सरकार तथा खानेपानी मन्त्रालयले आवश्यक कदम अघि बढाउने बताए। उनले तराई-मधेसका जनता जीवनमा सकारात्मक परिवर्तन ल्याउन नेपाल-भारत सहकार्य अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे। छलफलमा भारतीय टोलीका प्रतिनिधि देहरादून क्षेत्रीय निर्देशक प्रशान्त राई, जगदम्बा प्रसाद, लखनउ खानेपानी विभागका सदस्य र सरसफाइ सल्लाहकार आशिष पाण्डे सहभागी थिए। मन्त्री यादवले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणका क्रममा मधेसमा दीर्घकालीन खानेपानी समाधानका लागि ठोस योजना र सहमति हुने अपेक्षा राखेको पनि जानकारी दिएका छन्।

## पर्सामा यस वर्षको पहिलो कालाजार संक्रमित भेटिए

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० साउन ।***

पर्सा जिल्लामा यस वर्षको पहिलो कालाजार संक्रमित फेला परेका छन्। बीरगन्ज महानगरपालिका-२७ उदयपुरघुर्मीका ४० वर्षीय एक पुरुषमा संक्रमण पुष्टि भएको हो। स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार, गत आर्थिक वर्षमा पनि जिल्लामा एक जनामा मात्र कालाजारको संक्रमण भेटिएको थियो। चालु वर्षमा भने यो पहिलो केस हो। संक्रमित पुरुष करिब दुई महिनाअघि रोजगारीका सिलसिलामा भारतको गुजरात गएका थिए। त्यहाँ रहँदा साँझपख ज्वरो आउने लक्षण देखिएपछि उनी घर फर्किएका थिए। साउन ८ गते उपचारका लागि बीरगन्ज-१५ स्थित तराई हस्पिटल पुगेका उनको स्वास्थ्य परीक्षणमा कालाजार पुष्टि भएको थियो। पछि स्वास्थ्य



कार्यालय पर्सा र महानगरपालिकाको स्वास्थ्य शाखाले पुनः परीक्षण गर्दा पनि संक्रमणको पुष्टि भयो। आर्थिक अवस्था कमजोर भएकाले आवश्यक औषधि र सुई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरबाट ल्याएर निःशुल्क उपचार गरिएको ठाकुरले बताए। हाल उनी घरमै उपचाररत छन् र स्वास्थ्य अवस्था सामान्य छ। र (Visceral Leishmaniasis) स्यान्ड फ्लाई नामक भुसुनाको टोकाइबाट सर्ने रोग हो। पटक-पटक ज्वरो आउनु, तौल घट्नु, थकान, रक्तअल्पता, कलेजो र फियो बढ्नु यसको मुख्य लक्षण हुन्। समयमै उपचार नभए मृत्यु हुने जोखिम अत्यन्त उच्च हुन्छ। हालसम्म कालाजारबाट बच्ने खोप छैन। स्वास्थ्यकर्मीहरूका अनुसार, शरीर ढाक्ने लुगा लगाउने, झ्याल-ढोकामा जाली राख्ने, विषादी छर्कने र झुलमा सुत्ने जस्ता सावधानी अपनाउनु नै संक्रमण

बाँकी तेश्रो पृष्ठमा

## जगरनाथपुरमा हरियालीको अभियान तिव, १० बिघामा रोपियो १५ हजार बढी विरुवा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० साउन ।***

पर्साको जगरनाथपुर गाउँपालिकाले सार्वजनिक र ऐलानी जमिनमा हरियाली विस्तार गर्ने लक्ष्यसहित वृक्षारोपण अभियानलाई निरन्तर अघि बढाइरहेको छ। यसै क्रममा, गाउँपालिकाले शुक्रबार वडा नं. २ दशौंताको नदी किनारको करिब १० बिघा जमिनमा १५ हजारभन्दा बढी बिरुवा रोपेको छ। गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवका अनुसार, अमला, आँप, लिची, कटहर, जामुन, कदम, पिपल, बर, मसला, खयरसहित २७ प्रजातिका बिरुवा रोपिएका छन्। कार्यक्रमको उद्घाटन पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले गरेका थिए। कार्यक्रममा प्रदेश सभा सदस्य शंकर चौधरी, उपाध्यक्ष बबीता सिंह क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, वडाध्यक्षहरू र स्थानीयको उत्साहजनक



सहभागिता थियो। योभन्दा अघि पनि गाउँपालिकाले अतिक्रमणमुक्त गराएका थुप्रै जमिनमा वृक्षारोपण गरेको छ। गत वर्ष दशौंताको रैनीभ्रैनी मठको १५ बिघा जमिनमा ७ हजारभन्दा बढी बिरुवा रोपिएको थियो भने वडा नं. ४ सुहपुर सोहरीस्थित ९ बिघा बगर जमिनमा रोपिएका १० हजारभन्दा बढी बिरुवाले अहिले घना बनको रूप लिन थालेको अध्यक्ष यादवले बताए। वन तथा वातावरण संरक्षणमा उत्कृष्ट कामका लागि जगरनाथपुर गाउँपालिका हालै संघ सरकारको वन तथा वातावरण मन्त्रालयबाट नगद पुरस्कारसहित प्रथम पुरस्कार पाएको छ। अध्यक्ष यादवका अनुसार, बढ्दो जलवायु संकट, सुख्खा र खडेरीको समस्या समाधानको दीर्घकालीन उपायका रूपमा गाउँपालिकाले वृक्षारोपणलाई प्राथमिकता दिँदै आएको हो। "जहाँ जहाँ हामीले वृक्षारोपण गरेका छौं, अहिले ती

बाँकी तेश्रो पृष्ठमा

## ठोरीका भूमिहीन र सुकुम्बासीसँग भूमी आयोगको छलफल

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० साउन ।***

पर्साको ठोरी गाउँपालिकामा भूमिहीन र अव्यवस्थित बसोबासीसँग भूमी समस्या समाधान आयोगले शुक्रबार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। गाउँपालिका कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा जग्गा नापजाँच र लालपुर्जा वितरणका प्रक्रियाबारे विस्तृत जानकारी दिइएको थियो। आयोगका अध्यक्ष तबरेज अहमदले व्यक्तिलाई मात्र लालपुर्जा दिने तर क्लब, मन्दिर, गुम्बा जस्ता संस्थालाई हाललाई लालपुर्जा नदिइने बताए। यद्यपि, त्यस्ता सार्वजनिक जग्गाको विवरण भने फिल्डबुकमा दर्ता गरिने उनले स्पष्ट पारे। हुलाकी सडक आसपासको जग्गा मापदण्ड अनुसार कटाइने र बाँकी भागको मात्र लालपुर्जा कायम गरिने जानकारी पनि उनले दिए। राजस्वको विषयमा




उनले १,७०० वर्गमिटरभित्रको कृषि जग्गामा ५ प्रतिशत र बसोबासी जग्गामा १० प्रतिशत राजस्व तिर्नुपर्ने व्यवस्था रहेको बताए। उनले जग्गा मूल्यांकनसम्बन्धी हल्लामा विश्वास नगरी आयोगले प्रकाशित गर्ने आधिकारिक सूचनालाई मात्र आधार मान्न सहभागीलाई आग्रह गरे। ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले लालपुर्जा वितरणमा कुनै पनि राजनीतिक पूर्वाग्रह नराख्ने प्रतिबद्धता जनाउँदै, "जतिसुकै बाधा आए पनि यसपटक जनताको हातमा लालपुर्जा पुर्याएरै छाड्छौं," भने। कार्यक्रममा उपाध्यक्ष गोकुली कुमारी रेग्मी, आयोगका विज्ञ सदस्य सन्तोष पासवान, ५ वटै वडाका अध्यक्ष, कार्यपालिका सदस्य, आयोगका प्रतिनिधि तथा स्थानीयवासीको उपस्थिति थियो।

## प्रधानमन्त्री ओलीको मधेशमा शान्ति, सुशासन र सुरक्षा व्यवस्थामा जोड

***जनकपुर,३० साउन ।***

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशमा सुशासन कायम गर्न र सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन आवश्यक निर्देशन दिएका छन्। प्रधानमन्त्री ओलीले जनकपुरमा मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटन गर्दै प्रहरीलाई "जनतालाई प्रारम्भिक सेवा र न्याय दिने" संस्थाको रूपमा विकास गर्नुपर्ने बताए। उनले सुशासनका दुई मुख्य पक्ष भ्रष्टाचार नियन्त्रण र छिटोछरितो सेवा प्रवाहमा सरकार कटिबद्ध रहेको बताए। उनी मधेशमा निर्दोषलाई फसाउने र दोषीलाई उम्काउने प्रवृत्ति तुरुन्त अन्त्य गर्न प्रहरीलाई निर्देशन दिए। साथै, लागूऔषधको समस्या बढ्दो अवस्थाबारे चिन्ता व्यक्त गर्दै खुला सीमा नाजायज फाइदा उठाउनेलाई रोक्न र राजस्व छली तथा लागूऔषध कारोबार नियन्त्रण गर्न सुरक्षा बललाई कडाइका साथ निर्देशन दिए। प्रधानमन्त्री ओलीले २१ करोड रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको मधेश प्रदेश प्रहरी कार्यालयको भवन निर्माणमा सहयोग पुऱ्याएकोमा मधेश प्रदेश सरकारलाई धन्यवाद पनि दिए। उक्त कार्यक्रममा प्रधानमन्त्री ओलीले हालै

बाँकी तेश्रो पृष्ठमा

## उपकार सेवा नेपालद्वारा ह्वीलचेयर सहयोग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० साउन ।***

परोपकारी कार्यमा सक्रिय उपकार सेवा नेपालले बीरगन्जका एक शारिरिक रूपले पूर्ण अपांग पुरुषलाई ह्वीलचेयर प्रदान गरेको छ। बीरगन्ज महानगरपालिका वडा नं. १ छपकैयाका ती पुरुष आर्थिक रूपमा पनि कमजोर अवस्थामा रहेका थिए र दैनिक जीवन निकै कठिनाइपूर्ण भएको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिएका छन्। उपकार सेवा नेपालकी

बाँकी तेश्रो पृष्ठमा

## बहुअरीका स्थानीयद्वारा सडक विवादमा चेतावनी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० साउन ।***

परवानीपुर गाउँपालिका-५, बहुअरीका स्थानीय बासिन्दाहरूले लामो समयदेखि जारी मुख्य सडक निर्माण विवादको समाधान नगरेको र पूर्वनिर्णय विपरीत कदम चालेको भन्दै आन्दोलन तीव्र बनाउने चेतावनी दिएका छन्। सर्वदलीय आन्दोलन समितिले शुक्रबार पत्रकार सम्मेलन गरी गाउँको सडक निर्माणमा दोहोरो व्यवहार र निर्णय कार्यान्वयनमा देखिएको उदासीनता प्रति आपत्ति व्यक्त गर्दै तीन बुँदे माग सार्वजनिक गरेको छ। समितिका अनुसार, २०८० माघ २० मा गाउँ भेलाबाट सर्वसम्मत रूपमा २५ फिट चौडाइको नाला सहितको मुख्य सडक निर्माण गर्ने निर्णय भए पनि प्रभावशाली व्यक्तिहरूको दबाबमा




कार्य रोकिएको थियो। विवादपछि मुद्दा न्यायिक समितिमा पुगेको र २०८१ असार १७ मा २३ फिट चौडाइको सडक निर्माण गर्ने निर्णय भए पनि यो निर्णय पनि कार्यान्वयन नभएको आरोप छ। स्थानीयहरूका अनुसार, २०८२ साउन २६ मा पुरानो संकुचित बाटो ढलान गर्ने आकस्मिक निर्णय भएको थियो। यसविरुद्ध स्थानीयहरूले विरोध गरेपछि केही व्यक्तिहरूलाई लक्षित गर्दै पालिकाले किटानी जाहेरी दर्ता गरेकोमा समिति गम्भीर आपत्ति व्यक्त गरेको छ। सर्वदलीय आन्दोलन समितिका मागहरू यसप्रकार छन्ः १. किटानी जाहेरी फिर्ता लिएर सडक विषयमा समितिसँग छलफल गर्नु। २. २०८१ असार १७ को न्यायिक समितिको २३ फिट सडक निर्माण निर्णय तत्काल

बाँकी तेश्रो पृष्ठमा

नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय


## कार्यसम्पादनलाई अवसर बनाऊ

प्रधानमन्त्री केपी शर्मा ओलीले फेरि उपप्रधानमन्त्री, मन्त्रीहरू र मुख्यसचिवसँग कार्यसम्पादन सम्झौता गरेका छन् । सम्झौतामा हस्ताक्षर आदानप्रदान गरेपछि प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल सुखी नेपाली'को आफ्नो चाहना रहेको स्मरण गरेका छन् । प्रधानमन्त्रीले व्यक्त गरेको चाहना र कार्यसम्पादन सम्झौता नयाँ विषय होइन । प्रधानमन्त्रीले आफ्नो चाहना मन्त्रीहरूलाई स्मरण फेरि गराउनु र उनीहरूसँग कार्यसम्पादन सम्झौता गर्नु नै नयाँ विषय हो । यसलाई साँच्चै नयाँ बनाउन कार्यसम्पादन सम्झौता गर्नेहरूले ख्याल गर्नुपर्नेछ । अन्यथा, निरन्तरताका लागि निरन्तरता पाइराखेको यसखाले सम्झौता कर्मकाण्डी सम्झौताजस्तो मात्रै हुन पुग्छ । स्मरणीय छ- यसअघि कार्यसम्पादन मूल्यांकनका आधारमा कसैमाथि केही एक्सन भएको छैन । प्रधानमन्त्रीले कार्यसम्पादनमा अनुत्तीर्ण हुने मन्त्रीलाई पदबाट हटाउने र उत्तीर्ण हुनेले निरन्तरता पाउने भनेर दिएका सार्वजनिक अभिव्यक्ति व्यवहारमा लागू भएको पाइँदैन । फेरि पनि कार्यसम्पादनमा कमजोर अंक पाएका मन्त्रीहरूको पद सुरक्षित रहिरहने परिपाटीले निरन्तरता पाउने हो भने नयाँ सम्झौता गर्नुको कुनै अर्थ रहँदैन । किनभने कार्यसम्पादन सम्झौता जिम्मेवारी लिने व्यक्तिले स्वेच्छाले कार्ययोजना तयार गरी पेस गर्ने र त्यसमा हस्ताक्षर आदनप्रदान गर्ने हो । जे गर्छु भनेर सम्झौता गरेको छ त्यो काम गर्न नसक्ने व्यक्ति सोही पदमा निरन्तर रहनु आफैंमा नैतिक विषय त हुँदै हो । त्यस्तो पात्रलाई बोकेर प्रधानमन्त्री पनि हिँड्छन् भने कार्यसम्पादन सम्झौता केवल कर्मकाण्डजस्तो मात्रै हुन जान्छ । यही प्रश्न विगतमा उठ्दै आएको छ । नयाँ सम्झौताको मूल्यांकनपछि प्रश्न गर्नेहरूले जवाफ पाउनुपर्छ । नेपालले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्थामा प्रधानमन्त्री कार्यकारी प्रमुख हुन् । जसले चाहँदा मन्त्रिपरिषद्का कुनै पनि सदस्यको जिम्मेवारी खोस्न र हेरफेर गर्न सक्दछन् । तर नेपालमा कुनै एउटा पार्टीको एकल बहुमतको सरकार बन्न कठिन छ, विगतका बनेको समयमा समेत सम्बन्धित पार्टीको आन्तरिक गुट व्यवस्थापनले अप्ठ्यारो पारेका उदाहरण छन् । संयुक्त सरकारमा पनि कार्यसम्पादन मूल्यांकनकै आधारमा मन्त्री हेरफेर गर्न प्रधानमन्त्रीलाई सकस हुने गरेको छ । यदि यही परिस्थितिले निरन्तरता पाउने हो भने पनि प्रधानमन्त्रीले मन्त्रीहरूसँग गरेको कार्यसम्पादन सम्झौता कर्मकाण्डजस्तो मात्रै हुन्छ । यदि प्रधानमन्त्री र मन्त्रीहरूले चाहने र सत्ता गठबन्धनमा रहेका दलहरूले सरकारप्रति विश्वास गर्ने हो भने कार्यसम्पादनप्रतिको गलत धारणा बदलिन सक्छ । जनतामा रहेको चरम निराशा तोड्ने गरी काम गर्न सक्छन् ।

# बालबालिकालाई ग्याजेटको लतबाट टाढै राखौं

**सुनितादेवी स्थापित**

हाम्रा बालबालिकाले ग्याजेट खोल्दा एकचोटिमा एउटा मात्र स्क्रिन चलाइरहेका हुँदैनन्, एकैचोटि १०/१५ वटा एप्स खोलेर बसेका हुन्छन् । उनीहरू साथीभाइसँग खेलिरहेका हुन्छन् । धेरै जनासँग कुराकानी गरिरहेका हुन्छन् । यसो गर्दा आफ्ना सहपाठी, नातेदारसँग मात्रै हुँदैनन्, संसारभरका मानिस र एआईसँग पनि जोडिइरहेका हुन्छन् । सन् २०१० पछि सबैको हातहातमा मोबाइल फोन आयो र यससँगै उसले खेल्ने, सिक्ने र मनोरञ्जन लिने साधन पनि भित्रियो । संसार नै फोनमा आधारित भयो, जसले गर्दा उसको बाल्यकालको विकासमा गम्भीर असर पर्नुका साथसाथै मानसिक स्वास्थ्यमा पनि समस्या आउन थालेको छ । २०११ देखि २०१९ को बीचमा किशोरकिशोरीको आत्माहत्याका प्रयास, चिन्ता र डिप्रेसनका केश बढेको रिपोर्टहरूले देखाएका छन् । यसलाई हामीले बेवास्ता गर्न मिल्दैन । संसारका धेरै देशमा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल चलाउन बन्देज छ तर हाम्रो देशमा सम्बन्धित निकायले त्यस्तो



केही गरेको पाइँदैन । ग्याजेटको अत्यधिक प्रयोगबाट विद्यालयका बालबालिका बढी प्रभावित छन् । जसले गर्दा शिक्षकलाई शिक्षण सिकाइमा निकै कठिन हुन थालेको छ । बालबालिका अनलाइन बुलिङको सामना गरिरहेका, नकारात्मक प्रतिक्रिया, अनलाइन अपराधमा परेका र मानसिक रूपमा अस्वस्थ बालबालिका भौतिक रूपमा त विद्यालयमा उपस्थित हुन्छन् तर मानसिक रूपमा उनीहरूको ध्यान अन्यत्रै हुन्छ । त्यस्तो अवस्थामा शिक्षकले के गर्ने ? मानसिक रूपमा सिक्न उत्सुक विद्यार्थीलाई सिकाउन सकिन्छ तर रातभर गेम खेलेर भोलिपल्ट अनिँदो विद्यालयमा उपस्थित हुने बालबालिकालाई कसरी सिकाउने भन्ने शिक्षक/शिक्षिकालाई ठूलो चुनौती छ । आफ्ना बालबालिकासँग एकदमै आत्मीय र खुला कुराकानी गरौं, १६ वर्षमुनिका बालबालिकलाई सामाजिक सञ्जालमा खाता खोल्न नदिऔं र प्रविधिका असरबाट जोगाउन निश्चित समयावधिका लागि मात्र उपकरण चलाउन दिऊँ । बालबालिकालाई नयाँ नयाँ रमणीय स्थलहरू जस्तै : हाइकिङ, मठमन्दिर, पार्क, मस्जिद, गुम्बा, चर्च आदि स्थानको अवलोकन गराऔं । खाली समयको सदुपयोग गर्न उनीहरूको ध्यान अन्यत्र मोडौं । त्यसैगरी, आफन्त र साथीभाइको घरमा जाने, खेल्ने र रमाउने व्यवस्था मिलाऔं । काम हुँदा मात्र प्रविधिको प्रयोग गरेर हामी आफैं पनि उदाहरण बनौं । इन्टरनेटमा आधारित नभएका सबै गृहकार्य सकेपछि मात्र इन्टरनेटमा आधारित गृहकार्य गर्न लगाऔं । शारीरिक व्यायाम र योगमा जोड दिऊँ र उमेरअनुसारका जिम्मेदारी सुम्पिने कुरामा कुन्ज्यस्याइँ गर्दै नगरौं । उपकरण निषेधित क्षेत्र निर्धारण गरौं । जस्तैः सुत्ने कोठा, भान्साकोठा, बाथरुम आदिमा ग्याजेट चलाउनै नदिऔं । सुत्नुभन्दा एक घण्टाअघि मोबाइल बन्द गर्न लगाऔं । बालबालिकाको सुत्ने चक्र ठीक बनाऔं । अहिलेको अध्ययनले के देखाउँछ भने अत्यधिक ग्याजेटको प्रयोगले बालबालिकाको शारीरिक, सामाजिक, मानसिक र संवेगात्मक भावनादेखि सबै कुरामा नकारात्मक असर पारिरहेको छ । विज्ञहरूका अनुसार बालबालिकालाई समयमै ग्याजेटको लतबाट टाढै राख्न सकेनौं भने भविष्यमा पछुताउनु सिवाय हाम्रो हातमा केही बाँकी रहने छैन ।

# पञ्चायत, शिक्षा–राजनीति र “बुद्धु–वीर” नेपाली

**लोकरञ्जन पराजुली**

नेपालमा १०४ वर्ष निरविच्छिन्न शासन गरेका राणाहरूको हैकमलाई २००७ सालको आन्दोलनले समाप्तप्रायः पारिदियो । लगत्तै सुरु भएको राणाका ठाउँमा शाहको शासन र रजगजलाई ध्यानमा राख्ने हो भने यो परिवर्तनलाई त्यति ठूलो मान्न नसकिएला । तथापि, २००७ सालको परिवर्तन आधुनिक नेपालको निर्माणपछिको सबैभन्दा ठूलो 'टर्निङ पोइन्ट' हो, किनभने यसअघि रैती मानिँदै आएका जनलाई त्यस परिवर्तनपछि नै नागरिकको रूपमा ग्रहण गरियो । जनता सार्वभौम र अधिकारसम्पन्न हुन् भन्ने स्विकारियो । यसबाहेक, जीविकाको प्रमुख स्रोत रहेको जमिनउपर नागरिकको हक स्थापित भयो । बोल्न-पढ्न-लेख्न-छाप्न पाउने, संघटित हुन पाउने र आफूलाई उपयुक्त लागेका परियोजना-व्यवसाय सञ्चालन गर्न पाउने अधिकार जब संविधानले नागरिकलाई प्रत्याभूत गऱ्यो, त्यसले जमिनी तहमा परिवर्तन ल्याइदियो । सामाजिक संघ-संगठन, मिडिया, स्कुल-कलेज-पुस्तकालय (अर्थात् शिक्षा) आदि क्षेत्रमा त उथलपुथल नै भयो । २००७ सालपछि गाउँ-गाउँमा भएका तिनै उथलपुथलको छनक पूर्व १ नम्बर, काभ्रे जिल्लाको अमरकोट गाउँ निवासी साहित्यकार तथा 'राम्रो रचना मिठो नेपाली' का लेखक कृष्णप्रसाद पराजुलीको निम्न स्मरणांशले दिन्छ- '२००७ सालको परिवर्तनले राम्रो संकेत देखाएको थियो र त्याग गर्नुपर्छ भन्ने भावना पनि उमारिदिएको थियो । गाउँघरका किशोर तथा नवयुवाका हृदयमा शैक्षिक उज्यालोको चाहना बढ्यो अनि बूढापाकाले पनि चासो लिन थाले ।

...२००८ सालमा गाउँमा दुइटा स्कुल खोलिए ।' साहित्यिक इतिहासकार शिव रेग्मीले लेखेका छन्– 'सात सालको क्रान्तिपछि नेपालमा पुस्तकालय स्थापना गर्ने कार्यमा युवाहरूको जोस र जाँगर जताततै देखिन थाल्यो, फलस्वरूप काठमाडौंको टोलटोलमा भनेजस्तो पुस्तकालयहरू खुल्न थाले र देशका विभिन्न भागमा पनि यही क्रम जारी रह्यो ।' पश्चिमका बझाङ, जुम्ला, मुस्ताङ, बागलुङदेखि पूर्वका दोलखा, ताप्लेजुङ, ओखलढुंगा, पाँचथरलगायतका विकट पहाडी जिल्लामा समेत पुस्तकालयहरू खुलेका थिए । पहाड र मधेशका तुलनात्मक रूपले सुविधासम्पन्न स्थानमा त खऽल्ने नै भए । त्यसबाहेक, विभिन्न विदेशी मुलुक (अमेरिका, बेलायत, भारत आदि) ले काठमाडौं, पोखरालगायतका सहरी क्षेत्रमा पुस्तकालय स्थापना गरेका थिए । साहित्यकार पराजुली पनि आफ्नो गाउँ अमरकोट, काभ्रेमा पुस्तकालय खोल्न कम्मर कसेर लागेका थिए- 'उक्त (स्कुल खोल्ने) पृष्ठभूमिकै क्रममा पुस्तकालय खोल्ने चौचौ बढ्दै गयो । आखिर समयले घचघच्याएपछि धेरै अघिदेखिको सपना पूरा भयो–उत्साहका नयाँ किरणमा । २०१३ सालमा गाउँमा ज्ञानको अर्को टुकी बालियो, जागृति पुस्तकालयको स्थापना भयो ।... त्यसपछि गाउँमा जागृतिको शंख निकै फुकियो ।... नयाँ घाम झुल्क्यो त्यहाँ ।' अमरकोट गाउँमा आएको जनजागरणको उक्त लहर त्यो समयको प्रतिविम्ब हो । स्कुल जहीँतहीँ खुल्दै थिए र पुस्तकालय पछिपछि लाग्दै थिए । स्कुल विद्यार्थीका लागि मात्र थिए, पुस्तकालय अलि पठित र वयस्कका लागि पनि । स्कुलमा हद, बन्देज थियो, पुस्तकालय खुला थिए । अलि लेखापढा, केही गरौं भन्ने गाउँले जम्मा हुन्थे, गफ, बहस गर्थे यावत् विषयमा । यी पुस्तकालय नेपाली 'पब्लिक स्फेयर' थिए ! सामाजिक आन्दोलनका हिस्सा बन्दै थिए ।

यस्ता पुस्तकालयलाई सरकारले दर्ता गर्ने र तिनलाई केही आर्थिक सहायता पनि उपलब्ध गराउँथ्यो । कृष्णप्रसाद पराजुलीहरूले खोलेको जागृति पुस्तकालय पनि सरकारी दर्ता पाएर नयाँ आर्थिक वर्षबाट सरकारी सहायता पाउनेवाला थियो । शिव रेग्मी लेख्छन्- 'तर यो क्रियाकलाप १७ सालमा भएको राजनीतिक परिवर्तनसँगै प्रायः ठप्पजस्तै भयो ।'

**घटनावली २ : प्रजातन्त्रको अवसानसँगै भाँचिएका पुस्तकालय-सपना** बहुदलीय संसदीय प्रजातन्त्र नेपाली परम्परा र संस्कृतिसँग अमिल्दो रहेको र यसले मुलुकमा थुप्रै विकृति भित्र्याएको आरोप लगाउँदै २०१७ सालमा असंवैधानिक तवरबाट शासनसत्ता हातमा लिएका महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लादे । प्रजातन्त्रको अवसानले समग्र जनजीवन प्रभावित भयो । साहित्यकार पराजुलीले आफ्नो संस्मरणमा मन कुँडुल्याउँदै भनेका छन्- 'हाम्रो खुसीले प्राप्ति देख्न पाएन ।' महेन्द्रले शासनसत्ता हातमा लिएपछि विभिन्न सार्वजनिक पुस्तकालयले पाइआएको र काभ्रेको जागृति पुस्तकको पाउने भनेको आर्थिक सहायता बन्द गरिए । शिव रेग्मी लेख्छन्- 'आर्थिक सहयोग र प्रोत्साहनको अभाव तथा सरकारी नियन्त्रणबाट पुस्तकालयहरू सुक्दै जान थाले र प्रायः बन्द भए । ...सार्वजनिक संघ-संस्था खोल्नसमेत झैझमेला हुन थाल्यो र यस्ता स-संस्था खोल्न मानिसहरू डराउन थाले । पुस्तकालयको संख्या बढ्नुको सट्टा घट्दै गयो ।' २००४ सालमै सर्लाहीमा स्थापना भएको मनोहर-मोहन (पछि जनविकास) पुस्तकालय मलंगवावरपर प्रचलित थियो । २००७ सालपछि सरकारबाट पुस्तकालयको भवन बनाउन जमिन पनि हात पऱ्यो । तर, २०१७ सालको 'कु' पछि सो पुस्तकालय शनैः शनैः समाप्त पारियो । लक्ष्मण उपाध्यायले लेखेका छन्– '२०१७ सालपछि शाही सेना र सशस्त्र प्रहरीलाई जिल्ला जिल्लामा परिचालन गरियो ।

सर्लाही आएको डफ्फाले पुस्तकालय रहेको घर-कम्पाउन्डलाई आफ्नो बासस्थान बनायो । बीच बजारमा रहेको पुस्तकालयको जग्गामा भवन बनाउन सकिएको थिएन । सो जग्गालाई आफ्नो बनाउन चाहनेहरू मौका खोजिरहेका थिए । अनेक बहानामा पुस्तकालय बन्द गराउन प्रयत्नशील थिए । स्थानीय प्रशासकहरूको पनि यसमा सहमति थियो । निहित स्वार्थीहरूको सक्रियतामा जनविकास पुस्तकालय गाउँ पञ्चायत भवनमा सारियो । गाउँ पञ्चायतले पुस्तकालय सञ्चालन गराउनुको साटो पहिले त्यसको फर्निचरमा आँखा गाड्यो । पछि पुस्तकालयको अस्तित्व नै मेटाउनेतर्फ उन्मुख भयो । ...पुस्तकालयको जग्गाचाहिँ निजी सम्पत्तिमा परिणत भयो ।' त्यस्तै, अर्को पुस्तकालयबारे पूर्णप्रसाद अधिकारी भन्छन्- '२०१६ सालमा चितवनको नारायणगढ बजारमा साहित्यिक तथा शैक्षिक ज्ञान दिलाउने उद्देश्यले नारायणी पुस्तकालय स्थापना गरिएको थियो । ...यस संस्थाका व्यक्ति नेपाली कांग्रेसका भएकाले यो पुस्तकालय बारम्बार पञ्चायती आक्रमणको सिकार भयो । २०२६ सालतिर केही उग्र पञ्चेका चेलाहरूले पुस्तकालय तोडफोड गरी अत्यन्तै मूल्यवान् पुस्तकहरूलाई नारायणी नदीमा बगाइदिए ।' सामान्यजनले दुःखले खोले-बढाएका पुस्तकालय मात्र होइन, नेपालस्थित विभिन्न विदेशी नियोगले काठमाडौं र अन्य सहरी क्षेत्रमा सञ्चालन गरेका सार्वजनिक पुस्तकालय पनि (राजधानीको बाहेक) पञ्चायती राज्यले २०२९ सालमा एक आदेशमार्फत बन्द गरिदियो ।

**घटनावली ३ : 'नयाँ शिक्षा' र सार्वजनिक शिक्षालयहरूको अधपतन**

२०१७ सालमा बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थाको समाप्तिपछि प्रतिबन्ध लागेका दलका भूमिगत कार्यकर्ताहरूबाट केही स्थानमा छिटपुट विरोधका गतिविधि भए । प्रतिरोध कतिपय सार्वजनिक विद्यालयहरूबाट पनि आयो । तर, अरू सामाजिक संगठन वा पुस्तकालय जस्तो शिक्षालयहरू झ्याप्पै बन्द गर्न सरकारलाई सजिलो थिएन । शिक्षा-विकासको नारा उरालिरहेको सरकारले नै शिक्षालयहरू बन्द गरेको समाचार बाहिर जाँदा सर्वसाधारण र अन्तर

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्प-पुटिन भेटवार्ता, विश्वको ध्यान तान्ने २ कारण

*काठमाडौं,३० साउन ।*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आलस्कामा भेट्दै छन् । अलजजिराका अनुसार अलास्कामा स्थानीय समयअनुसार बिहान ११ : ३० बजे (नेपाली समय शनिबार बिहान सवा १ बजे) दुई नेताबीच वार्ता सुरु हुनेछ । रुसतर्फबाट विदेशमन्त्री सेर्गेई लाभरोभ, रक्षामन्त्री आन्द्रेई बेलोउसुभ, अर्थमन्त्री एन्टोन सिलुआनोभ, राष्ट्रपति पुटिनका सहायक युरी उशाकोभ र विशेष आर्थिक दूत किरिल दिमित्रिएभ वार्तामा सहभागी हुनेछन् । अमेरिकातर्फबाट उपराष्ट्रपति जेडी भान्स, अमेरिकी विदेशमन्त्री मार्को रूबिओ, ट्रम्पका मध्यपूर्व दूत स्टिभ विटकोफ, अर्थमन्त्री स्कट बेसेन्ट, रक्षामन्त्री पिट हेगसेथ रहनेछन् । बहुप्रतीक्षित यो वार्ताले विश्वको ध्यान खिचेको छ । वार्तालाई दुई हिसाबले चर्चित मानिएको छ । **पहिलो हो- रुस-युक्रेन युद्ध** । डोनाल्ड ट्रम्पले राष्ट्रपतीय चुनावी अभियानका क्रममा आफू राष्ट्रपतिमा विजयी भए २४ घण्टामै रुस-युक्रेन युद्ध अन्त्य गर्ने भनेका थिए । तर उनी निर्वाचित भएको ९ महिना बितिसक्दा पनि उनले आफ्नै भनाइ पूरा गर्न सकेका छैनन् । ट्रम्पले युद्धविरामका लागि पहल नगरेका भने होइनन् । उनले



युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई व्हाइट हाउसमै बोलाएर वार्ता गरेका थिए । तर त्यो वार्ता सफल हुन भने सकेन । बरु राष्ट्रपति जेलेन्स्कीसँग देखाएको स्वभावका कारण उनी विश्वभर आलोचित बन्न पुगे । निर्वाचित भएपछि ट्रम्प पहिलोपटक पुटिनलाई भेट्दै छन्, जसकारण पनि भेटलाई चासोपूर्वक हेरिएको छ । यो वार्तामा उनले युद्धविरामबारे छलफल गर्ने बताइसकेका थिए । युद्धविराममा सहमति नगरे रुसले गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी समेत दिएका छन् । त्यसकारण पनि युद्धविरामबारे सहमति हुने अपेक्षा गरिएको छ । **महत्त्वपूर्ण हुनुको दोस्रो कारण हो- भेटघाटस्थल, अलास्का** । अलास्का पहिले रुसको एक हिस्साको रुपमा चिनिन्थ्यो । अलास्का विगत १५० वर्षदेखि अमेरिकाको हिस्साका रुपमा रहँदै आएको छ । १८औं शताब्दीमा रुसी साम्राज्यले उपनिवेश बनाएपछि सन् १८६७ मा रुसले ७.२ मिलियन डलरमा अमेरिकालाई बेचेको थियो । यो रुसको सबैभन्दा नजिकको अमेरिकी भूभाग हो ।

जसकारण आज पनि अलास्कामा रुसी संस्कृतिका अवशेषा देखिन्छन् । **भेटवार्ता अलास्कामै किन ?** दुई राष्ट्रपतिको अलास्कामा हुने भेट एक कूटनीतिक निर्णय रहेको विश्लेषकहरु बताउँछन् । अलास्का र रुसबीचको दुरी केवल ८८ किलोमिटर मात्रै छ । जसले पुटिनलाई सहजै बनाएको एकातर्फको तर्क छ । अर्कोतर्फ अमेरिका अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को सदस्य होइन । पुटिनविरुद्ध आईसीसीको वारेन्ट भएका कारण पनि यो सुरक्षित स्थानका रुपमा लिइएको छ ।

## अलास्का शिखर सम्मेलनमा रुसले स्पष्ट धारणा प्रस्तुत गर्नेछ : लाभरोभ

*काठमाडौं,३० साउन ।*

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच हुन लागेको अलास्का शिखर सम्मेलनमा रुसले आफ्नो स्पष्ट धारणा राख्ने रूसी विदेशमन्त्री सर्गेइ लाभरोभले बताएका छन् । उनले भने, "हामीले पहिले नै कुनै योजना बनाएका छैनौं", रुसी नेता लाभरोभले अलास्का पुगेपछि रोसिया-२४ टिभी च्यानलसँग भने, "हामीलाई थाहा छ, हामीसँग बहस छ, स्पष्ट र बुझ्न सकिने स्थिति छ ।" उनले आफूहरुले आफ्नो तर्क स्पष्ट पार्ने बताए । ट्रम्पका विशेष दूत स्टिभ विटकोफको रुस भ्रमणका क्रममा वार्ताका लागि महत्वपूर्ण आधार राखिएको बताउँदै उनले भने, "हामी आशा गर्दछौं, यो धेरै उपयोगी कुराकानी भोलि हुने शिखर सम्मेलनमा राखिनेछ ।"



रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र ट्रम्पबीच शुक्रबार अलास्काको एन्कोरेजमा भेटवार्ता हुने कार्यक्रम छ । रुसी राष्ट्रपतिका सहयोगी युरी उशाकोभले दुई नेता र उनीहरूका दोभासेहरू मात्र सहभागी हुने गरी एक्लाएक्लै बैठक सुरु हुने र त्यसपछि दुवै पक्षका पाँच-पाँच जना प्रतिनिधिको उपस्थितिमा विस्तारित वार्ता हुने जानकारी दिए । उशाकोभले युक्रेन सङ्कट समाधानका साथै 'शान्ति र सुरक्षा सुनिश्चित गर्नका लागि व्यापक गृहकार्य गरिने र वर्तमान र सबैभन्दा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दाहरू' लाई सम्बोधन गर्न वार्तामा ध्यान केन्द्रित गरिने बताए ।

## परमाणु धम्की अब सहिँदैन: भारतीय प्रधानमन्त्री मोदी

*काठमाडौं,३० साउन ।*

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले अब परमाणु धम्की सहेर बस्ने अवस्था नसकेको स्पष्ट पारेका छन् । शुक्रबार भारतको स्वतन्त्रता दिवसको अवसरमा दिल्लीको लाल किल्लामा राष्ट्रलाई सम्बोधन गर्दै उनले पाकिस्तानतर्फ इङ्गित गर्दै यस्तो चेतावनी दिएका हुन् । अपरेसन 'सिन्दूर'मा भारतीय सेनाले देखाएको वीरतालाई स्मरण गर्दै मोदीले भने, "भारतले अब निर्णय गरिसकेको छ– हामी कुनै पनि परमाणु धम्की वा ब्ल्याकमेलिङ स्वीकार गर्ने छैनौं ।" सम्बोधनका क्रममा मोदीले भारतका नदीको पानी दुश्मन मुलुकका खेत सिँचाइमा प्रयोग भइरहेको उल्लेख गर्दै 'रगत र पानी एकसाथ बग्न सक्दैन' भन्ने अडान दोहोर्‍याए । उनले भने, "भारतीय नदीमाथि भारतीय किसानको अधिकार छ । सिन्धु सम्झौता एकतर्फी र अन्यायपूर्ण थियो ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको
कार्यालय, पर्सा

### पञ्चायत, शिक्षा-राजनीति.....

ष्ट्रिजगत्को नजरमा सरकारको वैधतामा प्रश्न उठ्ने थियो । त्यसैले, शिक्षालयउपर राज्यको शिकञ्जा विस्तारै कसिँदै गयो । तर त्यसको भुइँ तहबाट निरन्तर प्रतिरोध पनि भइरह्यो । यो अनपेक्षित चुनौतीसँग जुझ्न पञ्चायती सरकारले समग्र शिक्षा क्षेत्रमा सुविचारित तवरबाट हस्तक्षेप गर्‍यो । अलि समय लगाएर र गुप्ती तवरबाट योजना बनाई तयार गरेको 'नयाँ शिक्षा' २०२८ सालबाट क्रियान्वयनमा ल्यायो । राजा महेन्द्रको निर्देशन र नेतृत्वमा सुरु भएको यो योजनाको संरचना बनाउन र त्यसलाई अन्तिम रूप दिनमा उनका छोरा युवराज वीरेन्द्र सक्रिय थिए । सरकारी दाबीअनुसार, नयाँ शिक्षाअघिका शिक्षा प्रणालीले 'मुलुकको वास्तविकता' लाई प्रतिविम्बित नगर्ने भएकाले मुलुकको विकास र आधुनिकीकरणका लागि नयाँ योजना चाहिएको थियो । तर ती दाबीहरूलाई अलि गहिरिएर केलाउने हो भने नयाँ शिक्षा पछाडिका कारण र सन्दर्भ बुझ्न सकिन्छ ।त्रिभुवन विश्वविद्यालयका तात्कालिक उपकुलपति त्रैलोक्यनाथ उप्रेतीले नयाँ शिक्षा योजना ल्याउने सरकारी कदमको औचित्य पुष्टि गर्दै लेखेका छन्- '२००७ सालअघि र विशेषत: यस अवधिपछि हामीले जुन शिक्षा प्रणाली आगाल्यौं (सो) देशको हावापानी र माटोसँग नभिजेकाले... राष्ट्रिय विकासलाई टेवा दिनुको साटो राष्ट्रिय भार बन्न जाने भयावह स्थितिबाट हामी विचलित हुन थाल्यौं ।... युवा चरित्रलाई दिशाहीन पार्न लागिरहेको शैक्षिक गतिविधिबाट सामाजिक अस्तव्यस्तताको पूर्वसंकेत प्राप्त हुन लाग्यो ।'अमेरिकी मानवशास्त्री टड राग्स्डेलले लेखे- '(नयाँ योजना) ले शिक्षालाई आधारभूत रूपमै पुन:संरचना गर्ने महाराजको अठोट देखाउँथ्यो । सन् साठीको दशकको मध्यतिर विद्यार्थीहरूले जुन दंगाफसाद मच्चाए र मानविकी पढेका युवामा जो बेरोजगारी देखियो, त्यसले आसन्न संकटतर्फ संकेत गर्‍यो र त्यसैलाई सम्बोधन गर्ने प्रयत्नको फलस्वरूप यो योजना आएको थियो ।'यदि समयमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको संख्यालाई 'नियन्त्रण' नगर्ने हो भने शिक्षा क्षेत्रबाटै राजनीतिक संकट निम्तिने महेन्द्रले देखिसकेका थिए । यसअघि गरिएका कानुनी परिवर्तनहरूले विद्यालय र तिनका सञ्चालक समितिहरूलाई धेरै हदसम्म राज्यको नियन्त्रणमा ल्याइसकेको थियो । तर, त्यो पर्याप्त मानिएन । मुलुकभरका स्कुलहरूलाई राष्ट्रियकरण गरियो– ती राज्यका सम्पत्ति हुन पुगे । यसपछि सरकारले थुप्रै स्कुलहरूको 'तह' झारिदियो । अर्थात्, माविहरूले अब निमावि तहसम्म मात्र पढाउन पाउने भए, अनि थुप्रै निमाविलाई तह घट्वा गरी प्राथमिक तहसम्म मात्र पढाउने इजाजत दिइयो । कतिपय स्कुल अर्को स्कुलमा गाभिए । पहिले कक्षा १-५ लाई प्रावि भनिने गरेकोमा सो घटाएर अब कक्षा १-३ लाई प्रावि बनाइयो । मुलुकका धेरै गाउँठाउँमा प्राथमिक विद्यालय मात्र थिए । तिनमा पहिले ५ कक्षासम्म पढाइने गरेकोमा अब ३ कक्षासम्म मात्र पढाइ हुन थाल्यो । यो निर्णयका कारण साना उमेरका विद्यार्थीले या त उपल्लो तहमा पढ्न टाढाको अर्को गाउँ जानुपर्‍यो या स्कुलै छाड्न पर्‍यो । अन्य इन्स्टिच्युटका अंग बनाइए ।'साभार ईकान्तिपुर ।

### पर्सामा यस वर्षको ............

रोकथामको प्रभावकारी उपाय हो । स्वास्थ्य कार्यालय पर्साले स्थानीय तहसँग सहकार्य गर्दै कालाजार, मलेरिया र डेंगीजस्ता कीटजन्य रोगविरुद्ध जनचेतनामूलक कार्यक्रम सुरु गरेको छ ।

### जगरनाथपुरमा हरियाली....

स्थानहरू गएर हेर्दा साँच्चिकै हरियाली र घना बनझैँ देखिन्छ," अध्यक्ष यादवले गर्वका साथ भने ।

### प्रधानमन्त्री ओलीको..........

जनकपुरमा नेपाल पत्रकार महासंघ र बार एसोसिएसनबीच भएको विवादलाई लक्षित गर्दै कानुनी बाटोबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिए । उनले भने, "कानुन संवादबाट हुने कुरा जोर-जबरजस्ती गरेर समाधान गर्नु हुँदैन । यस्ता गतिविधि फेरि नदोहोर्‍याउनु होला ।" यसअघि पत्रकार महासंघ मधेश प्रदेशले जग्गा विवादमा अधिवक्ताहरूको समूहले आफ्ना पत्रकारमाथि आक्रमण गरेको भन्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो ।

### उपकार सेवा नेपाल............

अध्यक्ष विद्यादेवी सरावगीले सामाजिक अभियन्ता प्रकाश थारुको पहलमा शुक्रबार ह्वीलचेयर प्रदान गरेकी हुन् । कार्यक्रममा संस्थाका सदस्य सुमन बगेडिया र अंकुर शर्मा, सशस्त्र प्रहरी हवल्दार सुरेन्द्र बहादुर सिंह, स्थानीय नन्द किशोर कुशवाहा लगायत उपस्थित थिए । यस सहयोगले प्रभावित व्यक्तिको दैनिक जीवनलाई सहज बनाउने अपेक्षा गरिएको छ ।

### बहुअरीका स्थानीय...........

लागू गर्नु । ३. उपभोक्ता समिति खुला सभा बैठकमार्फत गठन गरी सडक सम्बन्धी सम्पूर्ण जानकारी लिखितमा सार्वजनिक गर्नु । समितिले चेतावनी दिएको छ कि यी मागहरू पूरा नभएमा चरणबद्ध रूपमा थप सशक्त आन्दोलन सार्वजनिक गरिनेछ । स्थानीयवासीहरूले सडक चौडाइ घटाएर ढलान गर्ने प्रयासलाई जनविरोधी र विकासविरोधी कार्य ठहर गर्दै सबै तहमा संघर्ष गर्ने अठोट दोहोर्‍याएका छन् ।

### १०० किलो गाँजा...............

टोलीले सम्पन्न गरेको हो । बरामद गाँजा हाल इलाका प्रहरी कार्यालय कडरबोनामा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसअघि गत शुक्रबार डाक्नेश्वरी नगरपालिका-५, महादेवा टोलबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले १७ वटा बोरामा राखिएको ३९६ किलो गाँजा बरामद गरेको थियो ।

# स्वास्थ्य

## पुरुषका कारण महिलामा यौनजन्य समस्या आउन सक्छ ?



यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या लिएर अस्पताल आउनेमा महिलाको संख्या अधिक हुन्छ । महिलाहरुमा यौनाङ्ग चिलाउने, संक्रमण हुने, सुन्निनेदेखि प्रजननका अरु समस्या देखिन्छन् । महिलाले झेल्ने यस्ता समस्याहरुमा स्वयं उनीहरुको मात्र त्रुटि हुँदैन । पुरुषको कारण पनि उनीहरु विभिन्न समस्या झेल्न बाध्य हुन्छन् । खासगरी पुरुषसँग हुने असुरक्षित यौन सम्बन्धले कतिपय संक्रमण हुनसक्छ । यौन सम्बन्धपछि कतिपयको अनिच्छित गर्भ रहन पुग्छ । गर्भ हुर्काउन परेमा वा गर्भपतन गर्न परेमा पनि महिलालाई सहज हुँदैन । गर्भपतनपछि कतिपय अवस्थामा उनीहरुको पाठेघरमा समस्या हुने जोखिम पनि हुन्छ । त्यसबाहेक पुरुषकै कारण महिलामा एचआईभी सर्ने गरेको पाइन्छ । खाँदै नखाएको विष पनि लाग्छ भने झैं आफूले गल्ती नगरी पनि कति महिला यसको भागीदार हुन बाध्य छन् । त्यसो त यौन सम्बन्धपछि यौनाङ्गको राम्ररी सरसफाइ नगर्ने जस्ता कारणले पनि समस्या निम्त्याउने गर्छ । हामीकहाँ महिलाहरु गोनोरिया, सिफिलिस्, फंगल संक्रमणले सताएपछि अस्पताल आउने गर्छन् । महिलाहरुलाई बढी सताउने यौन तथा प्रजनन् समस्या विभिन्न संक्रमणले गर्दा हुने हो । यस्तो संक्रमण धेरै किसिमको छ । पुरुषको तुलनामा महिलालाई यौनजन्य संक्रमणले बढी नै सताइरहेको हुन्छ । **मारमा महिला**

प्रजनन् एउटा जटिल प्रक्रिया हो । यसमा महिला र पुरुष दुवैको आवश्यकता हुन्छ । तर भूमिका महिलाको बढी रहन्छ । बच्चा उत्पादनमा पुरुषले शुक्रकीट उत्पादन गर्ने र महिलाको यौनाङ्ग (योनी)मा पुर्‍याउने मात्रै हो ।

तर महिलाले अण्डा उत्पादन मात्रै गर्दैनन्, पुरुषको शुक्रकीट लिएर पूरै भ्रुणको विकास गर्ने, बच्चालाई जन्म दिने र स्तनपान समेत गराउने हुन्छ । महिलाको भूमिका धेरै भएकाले प्रजनन अंगको संख्या र सक्रियता दुवै बढी भएकाले जोखिम पनि बढी छ । **सुरक्षित सम्बन्ध**

यौन सम्पर्कको बेला सम्भावित त्रुटिबारे छलफल गर्नुपर्छ । गर्भको योजना छैन भने यौन सम्पर्क राख्दा सजगता अपनाउनुपर्छ । विना साधन 'ओभर कन्फिडेन्स' हुनुहुँदैन । त्यस्तै यौनरोगबाट बच्न कण्डमको प्रयोग गर्नुपर्छ । **जरुरी छ सजगता**

नेपालमा दुवैथरीका महिला छन् । पहिलो यौन समस्याबारे अज्ञानता नभएकाले सजग नभएका र अर्को सबै जानेको र बुझेर पनि सजग नभएको । तर सजग नभए पनि यौन समस्या देखा परेपछि चिकित्सककहाँ परीक्षणका लागि आउने क्रम चाहिं बढेको छ ।

# पर्सामा १६८९ मिटरब्याज उजुरी मेलमिलापमार्फत टुंगियो

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,३० साउन ।*

पर्सामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी १ हजार ६८९ उजुरी मेलमिलाप प्रक्रियाबाट टुंगिएको छ । जिल्ला प्रशासन कार्यालय पर्सामा १ हजार ७२९ र जिल्ला प्रहरी कार्यालय पर्सामा ६२९ उजुरी दर्ता भएकोमा साउन २८ गतेसम्ममा १ हजार ६८९ उजुरी समाधान गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रशासनले २२८ र जिल्ला प्रहरीले १ हजार ४६७ उजुरी मेलमिलाप मार्फत टुंग्याएको छ भने ६३७ उजुरी अझै फछ्र्यौट हुन बाँकी रहेको छ। पर्सा जिल्लामा मिटरब्याजसम्बन्धी ३२ मुद्दा अदालतमा दर्ता भएका छन् । यी मुद्दामा १५ पुरुष र २ महिला गरी १७ जनालाई पक्राउ गरिएको छ।




मेलमिलाप प्रक्रियाबाट पीडितलाई फिर्ता भएको रकम २८ करोड ५९ लाख ५५ हजार ५५७ रुपैयाँ रहेको छ । साथै, ४० बिघा १५ कट्ठा १९ धुर जग्गा पनि पीडितलाई फिर्ता गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। जिल्ला प्रशासन कार्यालयमा मिटरब्याज सम्बन्धी उजुरी २०८१ साल फागुन १ गतेदेखि दर्ता हुँदै आएको छ भने जिल्ला प्रहरी कार्यालयमा पनि नियमित दर्ता हुँदै आएको छ।

# कृषकलाई समयमै मल उपलब्ध गराउन, ज्येष्ठ नागरिकको भत्ता सहज बनाउने

*काठमाडौं,३० साउन ।*

राष्ट्रियसभाको शून्य समयमा सांसदहरूले कृषक, ज्येष्ठ नागरिक र स्वास्थ्य, शिक्षा क्षेत्रमा सुधारको माग गरेका छन् । सांसद गोपीबहादुर सार्कीले किसानलाई प्रतिवर्ष आवश्यक १५ लाख मेट्रिक टन मलमध्ये केवल ३ लाख मात्र उपलब्ध हुने र ५ लाख टन अवैध रूपमा भित्रिने गरेको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद सुमित्रा वीसीले बर्खायाम सकिन लाग्दा पनि रोपाइँ नसकिएको र प्रतिकिसान २५ किलो मल दिने भनिए पनि किसानले पाउन नसकेको भन्दै स्थायी समाधानको माग गरिन् । सांसद इन्दिरादेवी गौतमले युवामा बढ्दो मानसिक समस्या र बेरोजगारीबारे ध्यान दिनुपर्ने बताए । सांसद जगप्रसाद शर्माले आयुर्वेदिक शिक्षण र उपचारको सेवा विस्तार गर्न आवश्यक रहेको र त्रिभुवन



विश्वविद्यालयले अहिलेसम्म दरबन्दी नपाएको बताए। सांसद तुलसाकुमारी दाहालले मधेस प्रदेशमा कायमै रहेको दाइजो प्रथा र बालविवाह हटाउन जोड दिइन् भने सांसद मायाप्रसाद शर्माले ज्येष्ठ नागरिकले बस्ने ठाउँबाटै भत्ता पाउने वातावरण बनाउनुपर्नेमा जोड दिए । सांसद शारदादेवी भट्टले कैलाली कारागारमा भएको घटनाप्रति खेद व्यक्त गर्दै, १४० जनाको क्षमता भएको जेलमा ४-५ सय कैदी राखिएको र देशभरका जेलको स्तरोन्नति आवश्यक रहेको बताए । सांसदहरूले कृषि, स्वास्थ्य, शिक्षा, सामाजिक न्याय र जेल व्यवस्थापन सुधारका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

# जनकपुरमा पत्रकारमाथि आक्रमणको विरोधमा महासंघद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

*जनकपुर,३० साउन ।*

नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समितिले साउन २७ गते जनकपुरमा भएको पत्रकारमाथि आक्रमणको विरोधमा प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएको छ । महासंघका अनुसार, उक्त दिन आयोजित पत्रकार सम्मेलनमा नेपाल बार एसोसिएसनका केही अधिवक्ताहरूको समूहले पत्रकारमाथि आक्रमण गरेको थियो । घटनामा महासंघका अध्यक्ष श्याम बन्जारा, उपाध्यक्ष ज्योति झा, महासचिव शैलेन्द्र महतो, सञ्चारकर्मी दिवाकर राय, अनिलकुमार निराला र बिनिता यादव घाइते भएका छन्। घाइतेमध्ये दिवाकर रायको अवस्था गम्भीर रहेको र शैलेन्द्र महतोको खुट्टा दुई ठाउँमा भाँचिएको छ । महासंघले ज्ञापनपत्रमा यस घटनालाई प्रेस




स्वतन्त्रता र लोकतान्त्रिक मूल्यमाथि गम्भीर प्रहारको रूपमा व्याख्या गर्दै दोषीमाथि तत्काल कारबाहीको माग गरेको छ। घटनापछि स्थानीय प्रशासन र प्रहरी कार्यालयमा लिखित उजुरी दिइएको भए पनि अहिलेसम्म कुनै पनि दोषी पक्राउ नभएको र अनुसन्धानमा उदासीनता देखिएको भन्दै महासंघले प्रहरीको भूमिकाप्रति प्रश्न उठाएको छ । महासंघले ज्ञापनपत्रमार्फत घटना संलग्न सबै व्यक्तिलाई तत्काल पक्राउ गरी निष्पक्ष छानबिन र कडा कारबाही गर्न, साथै प्रेस स्वतन्त्रताको रक्षाका लागि सरकारले प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेको छ।

# बहुविवाह समाज र राष्ट्रकै लागि हानिकारक : वरिष्ठ अधिवक्ता पाठक

*काठमाडौं,३० साउन ।*

वरिष्ठ अधिवक्ता उषा मल्ल पाठकले बहुविवाह केवल व्यक्ति र परिवारको समस्या मात्र नभई समाज र राष्ट्रकै लागि हानिकारक रहेको बताएका छन् । काठमाडौंमा बिहीबार आयोजित 'सुनिता रेग्मी लैङ्गिक न्याय संवाद शृंखला' कार्यक्रममा उनले बहुविवाहलाई सामाजिक, पारिवारिक हिंसा र विखण्डनको आधार बन्ने कुप्रथा भन्दै यसलाई लैङ्गिक समानताको दृष्टिले पनि अस्वीकार्य भएको स्पष्ट पारिन् । उनका अनुसार, महिला हिंसाका विषयमा बहुविवाह पनि समावेश हुन्छ र यसलाई समाजविरुद्धको अपराध मानेर कानूनले व्यवस्था गरेको छ। "बहुविवाहले हिंसा र विखण्डनलाई आश्रय दिन्छ, त्यसैले यो केवल पारिवारिक समस्या नभई राष्ट्रिय



हितसँग पनि जोडिएको विषय हो," उनले भनिन्। पाठकले बहुविवाहको कानूनी परिभाषा स्पष्ट पार्दै महिलाले धेरै श्रीमान वा पुरुषले धेरै श्रीमती राख्न पाउने अवस्थालाई बहुविवाह मानिने बताइन् । तर, वर्तमान कानूनमा विवाहित महिलाले परपुरुषसँग सम्बन्ध राखेमा पहिलो पति-पत्नी सम्बन्ध स्वतः विच्छेद हुने तर पुरुषको हकमा त्यस्तो प्रावधान नहुने असमानता रहेको उनले उल्लेख गरिन्। उनले बहुविवाहलाई बदरयोग्य विवाहका रूपमा परिभाषित गर्दै, यसबारे चेतना फैलाउने र कानूनी रूपमा नियन्त्रण गर्ने आवश्यकता औंल्याइन्।

# टिकटकमार्फत हिन्दू धर्मावलम्बीलाई गाली र धम्की दिने युवक पक्राउ

*जनकपुर,३० साउन ।*

सामाजिक सञ्जाल टिकटकमा हिन्दू धर्मावलम्बीलाई लक्षित गर्दै अपमानजनक अभिव्यक्ति र धम्की दिने भिडियोहरू सार्वजनिक गर्ने जनकपुरधामका इरसाद खानलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक वरुण बहादुर सिंहका अनुसार २३ वर्षीय खानलाई बिहीबार जनकपुरधाममै पक्राउ गरिएको हो । जनकपुरधाम उपमहानगरपालिका-५ का समिम खानका छोरा इरसादले 'गुन्डा' नामको टिकटक आइडी प्रयोग गर्दै हिन्दू समुदायमाथि अपमानजनक शब्द प्रयोग गर्ने मात्र होइन, हत्या गर्ने धम्कीसमेत दिने भिडियोहरू बनाउँदै आएका थिए । प्रहरीका अनुसार, विदेशमा रहँदा पनि उनले हिन्दू धर्मावलम्बीलाई लक्षित गर्दै गैरसामाजिक वक्तव्य र आपत्तिजनक गतिविधि गरेका थिए। हाल प्रहरीले उनको मोबाइल फोन र सामाजिक सञ्जाल गतिविधिको डिजिटल



विश्लेषण सुरु गरेको छ। यो घटनाले सामाजिक सञ्जालमार्फत घृणा फैलाउने सामग्रीबारे निगरानी र कानुनी कारबाहीलाई अझ कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता पुनः उजागर भएको छ।

# १०० किलो गाँजा बरामद

*जनकपुर,३० साउन ।*

सप्तरी प्रहरीले शुक्रबार बेवारिसे अवस्थामा एक सय किलो गाँजा फेला पारेको छ। जिल्लाको सुरुंगा नगरपालिका-११, महेशपुरस्थित आँपको बगैंचामा सेतो प्लास्टिकको बोरामा हरियो प्लास्टिकले बेरिएको अवस्थामा पाँच पोकामा २०-२० किलोका दरले गाँजा भेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी निरीक्षक जितेन्द्र बस्नेतले जानकारी दिए । गाँजा बरामद गर्ने कार्य प्रहरी सहायक निरीक्षक बिन्द्रा राय यादवको कमाण्डमा पाँच जना र सशस्त्र प्रहरी बेस पातोबाट प्रहरी नायब उपरीक्षक नरेन्द्रसिंह धामीको कमाण्डमा सात जनाको संयुक्त

बाँकी तेश्रो पृष्ठमा⇨

# रासायनिक मल वितरणमा किसान कार्ड प्रणाली लागू हुने

*रौतहट,३० साउन ।*

जिल्लाका कृषकलाई समयमा र सहज रूपमा रासायनिक मल उपलब्ध गराउन रौतहटमा किसान कार्डको व्यवस्था लागू हुने भएको छ। जिल्ला प्रशासन कार्यालय रौतहटमा बिहीबार प्रमुख जिल्ला अधिकारी (प्रजिअ) विनोद कुमार खड्काको अध्यक्षतामा बसेको बैठकले किसानको नाम, ठेगाना, कृषि बालीको क्षेत्रफललगायत विवरण समावेश हुने किसान कार्ड लागू गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरेको हो ।

प्रजिअ खड्काका अनुसार, बैठकले मलको कालोबजारी, जम्माखोरी र कृत्रिम अभाव सिर्जना गर्नेहरूमाथि कडा कानुनी कारबाही गर्ने निर्णय पनि गरेको छ । हाल मलको अभाव र कालोबजारीका कारण किसानहरू समयमा मल नपाउने समस्या बढ्दै गएको छ । बैठकले १५ दिनभित्र मलको माग-आपूर्तिको विस्तृत विवरण तयार गर्ने, संयुक्त अनुगमनलाई तीव्र बनाउने, तोकिएको मूल्यभन्दा बढीमा मल बिक्री गर्ने कार्य रोक्ने तथा सहकारी बाहेक अन्य निकायमार्फत हुने वितरणलाई पूर्ण रूपमा निरुत्साहित गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयका प्रशासन फाँट प्रमुख रामनरेश साहले जानकारी दिए।

बैठकमा सुरक्षा निकायका प्रतिनिधि, उद्योग वाणिज्य संघ, जिल्ला कृषि ज्ञान केन्द्र, किसान अगुवा तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता थियो।

# पत्रकार यादवमाथि सांघातिक आक्रमण

*जनकपुर,३० साउन ।*

राजविराज नगरपालिकाको मुख्य सडकमा शुक्रबार दिउँसो पत्रकार सौरभ यादवमाथि सांघातिक आक्रमण भएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी निरीक्षक जितेन्द्र बस्नेतका अनुसार मोटरसाइकलमा आएका तीन जनाको समूहले यादवको हातमा छुरा प्रहार गरेका थिए।

साथै, टाउको र शरीरका विभिन्न भागमा हेलमेटले प्रहार गरी उनीहरू फरार भएका छन् । घाइते यादवलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । नेपाल पत्रकार महासंघ सप्तरीले घटनाप्रति तीव्र आपत्ति जनाउँदै आक्रमणमा संलग्न दुई जना र उनीहरूलाई सहयोग गर्ने मोटरसाइकल चालकलाई तत्काल पक्राउ गरी कारबाही गर्न जिल्ला प्रहरी र प्रशासन कार्यालयसँग माग गरेको छ।

प्रहरीका अनुसार घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य जारी छ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाउँपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाउँपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाउँपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाउँपालिकाको कार्यालय,बारा